राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

वर्ष ८ अंक २६ २०८३ साउन २९ गते शुक्रवार (14 Aust 2026) पृष्ठ ४ मूल्य रू. ३।-

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

## एकवर्षमा ४६ करोड बढीको चावल भित्रियो

**वीरेन्द्र कर्ण**

जनकपुरधाम, २८ साउन । भारतबाट विगत एकवर्षको अवधिमा ४६ करोडभन्दा बढीको चामल आयात भएर नेपाल भित्रिएको छ । आर्थिक वर्ष २०८२/०८३ मा भिठामोड नाका हुँदै ४६ करोड ७२ लाख ५३ हजार ८५६ रुपैया मूल्य बराबरको ७० लाख ७० हजार ५०९ केजी चामल नेपाल भित्रिएको क्वारेन्टायन कार्यालय जलेश्वरले जनाएको छ ।

सो अवधिमा ७ करोड २६ लाख ६ हजार ४ सय रुपैया मूल्य बराबरको ९ लाख २१ हजार ३३० केजी बासमती चामल नेपाल भित्रिएको छ । यसैगरी किनमेल गर्न सीमावर्ती भारतीय बजार जाने नेपाली उपभोक्ताहरु आफ्नो घर खर्चको लागि बोराको बोरा चामल ल्याउने गरेका छन् । जसको लेखाजोखा पनि छैन । यसकारण भन्सार विन्दुबाट चामल आयात बिक्री दर भने घटेको छ । कर्मचारीहरु भन्छन् भन्सार घोषणा नगरी चोरी आयात पनि त्यतिकै मात्रामा बढेको छ । भन्सार विन्दुमा घोषणा गरेको भन्दा बजार मूल्य निकै बढेको छ ।

कृषि सुधार शुल्क तिर्नुपर्ने भएकोले भन्सारमा सकेसम्म थोरै रकम मात्र घोषणा गर्ने परिपार्टी पनि व्यापारहरुमा बढेको छ । चामलसँगै अन्य खद्यान्न वस्तुका आयात पनि निकै रहेको छ । धान, गहुँ, मकै, जौ लगायतका वस्तुहरु पनि आएको देखिन्छ । जसअन्तरगत सोही आर्थिक वर्षमा भारतबाट भिठामोड नाका भएर ८५ करोड ६७ लाख ८२ हजार ८५५ रुपैया मूल्य बराबरको २ करोड ६७ लाख ७३ हजार ८५५ केजी धान नेपाल भित्रिएको क्वारेन्टाइन प्रमुख किशोर कुमार यादवले बताए ।

यसैगरी १५ करोड २० लाख ९६ हजार मूल्य बराबरको ४७ लाख ५३ हजार केजी गहुँ, १ करोड ८५ लाख २८ हजार ६०८ रुपैया मूल्य बराबरको ५ लाख ७९ हजार १९ केजी मकै, ६ लाख ५९ हजार मूल्य बराबरको २० हजार ५ सय केजी जै र १२ हजार मूल्यबराबरको ५ सय केजी बाग्रा नेपाल भित्रिएको छ ।

यसरी हेर्ने हो भने भारतबाट भिठामोड नाका भएर १ अर्ब, ४९ करोड ५३ लाख ९ हजार ८२४ रुपैया मूल्य बराबरको ३ करोड ९१ लाख ९७ हजार ३८३ केजी विभिन्न प्रकारका खद्यान्नहरु नेपाल भित्रिएको छ । तराईको जिल्लाहरुमा विभिन्न कारणले धान उत्पादनमा ह्रास आउन थालेपछि उपभोक्ताहरु भारतीय बजारमा निर्भर हुँदै गएका छ । यहाँको उत्पादनले वर्षभरि खाना नपुग्ने भएपछि भारतीय खद्यान्नमा निर्भ हुन थालेकोले नेपाली मुद्रा भारततर्फ जाने गरेको छ ।



- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्गजैङ्ग कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

**रामेश्वरम सर्जिकल उद्योग**
जनकपुरधाम, १४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३१४

## संघको कूल बजेटको ०.६४ प्रतिशत मात्र सातौ प्रदेशको खर्च : सभामुख यादव

दैनिक समाचारदाता

जनकपुरधाम, २८ साउन । मधेश प्रदेशका सभामुख रामअशिष यादवले प्रदेश सरकार आर्थिक भार नभई विकास, समृद्धि र जनअधिकार सुनिश्चित गर्ने महत्वपूर्ण आधार भएको बताएका छन् ।

अन्तर्राष्ट्रिय युवा दिवसका अवसरमा इन्सेकलगायत विभिन्न संस्थाद्वारा आयोजित 'युवा दृष्टि : नीति, अधिकार र सुरक्षा' विषयक अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै सभामुख यादवले प्रदेश सरकार खर्चिलो भएको र प्रदेश खारेज गर्नुपर्ने जस्ता भ्रम चिर्न आवश्यक रहेको बताए ।



उनले भने, "प्रदेश खर्चिलो होइन। यो संघीयताको आत्मसम्मान, समृद्धिको बाटो र जनताको अधिकार सुनिश्चित गर्ने अवसर हो ।" संघीय सरकारको बजेट तथा नीति विभेदकारी भएका कारण प्रदेश सरकारले लक्ष्यअनुसार काम गर्न नसकेको उनको भनाइ थियो ।

सभामुख यादवले संघीयता आर्थिक भार नभई स्वाभिमान, सामाजिक न्याय, समानता र विकासको महत्वपूर्ण कडी भएको बताए । संघीय सरकार संघीयताको कार्यान्वयनप्रति इमानदार नदेखिएकै कारण संघीयता अपेक्षाअनुसार सबल बन्न नसकेको उनको आरोप थियो ।

संघीय सरकारका कर्मचारी, पदाधिकारी, प्रतिनिधिसभा सदस्य तथा मन्त्रीहरूमा वार्षिक रूपमा एक खर्ब ५७ अर्ब रुपैयाँ खर्च हुने उल्लेख गर्दै उनले सातवटै प्रदेशका कर्मचारी तथा पदाधिकारीमा करिब १४ अर्ब रुपैयाँ मात्र खर्च हुने बताए । उनले कुल बजेटको करिब ०.६४ प्रतिशत मात्र प्रदेश सरकार सञ्चालनमा खर्च हुने दाबी गरे ।

प्रतिनिधिसभा सदस्य तथा संघीय सरकारको वार्षिक भ्रमण खर्च मात्रै एक अर्ब ७३ करोड रुपैयाँ रहेको उल्लेख गर्दै उनले प्रश्न गरे, "यस्तो अवस्थामा प्रदेश सरकारलाई मात्र कसरी खर्चिलो भन्न सकिन्छ ?"

सभामुख यादवले युवाको शक्ति र क्षमतालाई सही रूपमा परिचालन गर्नुपर्नेमा जोड दिए । 'युवा' शब्दको

बाँकी ४ पृष्ठमा

## किशोर श्रेष्ठको पक्राउविरुद्ध पत्रकार महासंघको धर्ना, रिहाइसँगै पत्रकारितासम्बन्धी उजुरी प्रेस काउन्सिलमार्फत हेर्न माग

दैनिक समाचारदाता

जनकपुरधाम, २८ साउन । वरिष्ठ पत्रकार तथा 'जनआस्था' साप्ताहिकका प्रधान सम्पादक किशोर श्रेष्ठको पक्राउको विरोध गर्दै नेपाल पत्रकार महासंघले तत्काल रिहाइको माग गरेको छ। महासंघले श्रेष्ठको पक्राउ तथा जनआस्था साप्ताहिकको कार्यालयमा गरिएको खानतलासीले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता र पत्रकारितासम्बन्धी स्थापित मान्यतामाथि प्रश्न उठाएको भन्दै विरोध जनाएको हो।

महासंघका महासचिव रामप्रसाद दाहालले जारी गरेको विज्ञप्तिमा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, पत्रकार आचारसंहिता र संविधानविरुद्ध हुने गरी श्रेष्ठलाई पक्राउ गरिएको भन्दै आपत्ति जनाइएको छ। महासंघले श्रेष्ठलाई अविलम्ब र विनाशर्त रिहा गर्न माग गरेको छ।



श्रेष्ठको रिहाइको माग गर्दै महासंघको आह्वानमा बिहीबार बिहान काठमाडौंको भद्रकालीस्थित जिल्ला प्रहरी परिसर अगाडि पत्रकारहरूले धर्ना दिएका छन्। महासंघ अध्यक्ष निर्मला शर्माको नेतृत्वमा भएको प्रदर्शनमा सहभागी पत्रकारहरूले कालोपट्टी बाँधेर प्रेस स्वतन्त्रताको पक्षमा नाराबाजी गरेका थिए।

प्रदर्शनका क्रममा प्रहरीले शान्तिपूर्ण धर्नामा बस्न रोक्न खोजेपछि केहीबेर प्रहरी र पत्रकारबीच घम्साघम्सीसमेत भएको थियो। पत्रकारहरूले 'प्रहरी दमन मुर्दावाद', 'राज्य आतंक बन्द गर', 'प्रेस स्वतन्त्रता पुनर्बहाली गर' तथा 'पत्रकार किशोर श्रेष्ठलाई विनाशर्त रिहा गर' लगायतका नारा लगाएका थिए। प्रदर्शनकारीहरूले प्रेस स्वतन्त्रतामाथिको हस्तक्षेप रोक्न माग गर्दै विभिन्न नारासहितका प्लेकार्ड प्रदर्शन गर्नुका साथै कतिपयले बलिरहेको लाल्टिनसमेत बोकेका थिए।


महासंघले श्रेष्ठको पक्राउसँगै जनआस्था साप्ताहिकको कार्यालयमा गरिएको खानतलासीको समेत विरोध गरेको छ। महासंघले श्रेष्ठलाई विनाशर्त रिहा नगरे थप कडा आन्दोलन गर्ने चेतावनी दिएको छ। आमसञ्चारसम्बद्ध विभिन्न संघसंस्थाले समेत श्रेष्ठको पक्राउप्रति विरोध जनाउँदै उनको रिहाइको माग गरेका छन्।

यसअघि प्रहरीले श्रेष्ठलाई ललितपुरको कुसुन्तीस्थित निवासबाट पक्राउ गरेको थियो। नेपाल प्रहरीले भने वैयक्तिक गोपनीयतासम्बन्धी उजुरीका आधारमा अदालतबाट अनुमति लिएर उनलाई पक्राउ गरिएको


बाँकी ४ पृष्ठमा

अब अनलाइनबाट बुकिङ्गको सुविधा

divyaclinicjanakpur.com





- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी




सम्पर्क ठेगाना

**दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर**
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

**नैना होस्पिटल प्रा.लि.**
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# न्यायको ढोकामै निराशा

धनुषा जिल्ला अदालतअगाडि मिटरब्याज पीडित एक महिलाले शरीरमा पेट्रोल खन्याएर आत्मदाहको प्रयास गर्नु केवल एउटा व्यक्तिगत आवेगको घटना होइन, न्यायको खोजीमा लामो समयदेखि भौतारिँदै आएका पीडितहरूको गहिरो निराशा र राज्यप्रतिको घट्दो विश्वासको गम्भीर संकेत हो। समयमै प्रहरीको हस्तक्षेपका कारण ठूलो मानवीय दुर्घटना टरे पनि यस घटनाले हाम्रो न्यायिक तथा प्रशासनिक प्रणालीमाथि गम्भीर प्रश्न उठाएको छ।

मिटरब्याजको समस्या सामान्य लेनदेनको विवाद मात्र होइन। आर्थिक अभाव, अशिक्षा र कमजोर सामाजिक अवस्थाको फाइदा उठाउँदै चर्को ब्याज, कपाली तमसुक, जग्गा-सम्पत्ति हडप्ने लगायतका आरोपसँग जोडिएको यो समस्या वर्षौंदेखि अनेक परिवारको पीडाको कारण बनेको छ। पीडितहरूले विभिन्न चरणमा आन्दोलन गरेपछि राज्यले यस विषयलाई गम्भीरतापूर्वक लिन थाले पनि पीडितले अपेक्षा गरेको न्याय अझै सहज र प्रभावकारी रूपमा प्राप्त हुन सकेको देखिँदैन।

अदालतको फैसलाप्रति असन्तुष्टि जनाउँदै आत्मदाहको प्रयास गर्ने अवस्थामा पुग्नु भनेको पीडितको मानसिक र सामाजिक निराशाको चरम अभिव्यक्ति हो। यस्ता घटनालाई केवल कानुनी प्रक्रियाप्रतिको असन्तुष्टि भनेर बेवास्ता गर्न मिल्दैन। न्याय ढिलो हुनु, प्रक्रिया जटिल हुनु वा पीडितले आफ्नो आवाज नसुनिएको महसुस गर्नुले उनीहरूलाई थप निराश बनाउँछ। त्यसैले सम्बन्धित निकायले मिटरब्याज पीडितका मुद्दालाई संवेदनशीलतापूर्वक, निष्पक्ष र शीघ्रताका साथ टुङ्ग्याउन आवश्यक छ।

यस क्रममा न्यायाधीशले पैसा लिएर साहुलाई छाडेको भन्ने आरोपसमेत सार्वजनिक भएको छ। आरोपको स्वतन्त्र पुष्टि नभइसकेको अवस्थामा त्यसलाई सत्यका रूपमा स्वीकार गर्नु उचित हुँदैन। तर यस्ता गम्भीर आरोपले न्यायालयप्रतिको जनविश्वासमा प्रश्न उठाउने भएकाले आवश्यक छानबिन र पारदर्शिताको आवश्यकता भने झन् बढाउँछ। न्याय केवल हुनु मात्र पर्याप्त हुँदैन, न्याय भएको अनुभूति र विश्वास पनि नागरिकमा स्थापित हुनुपर्छ।

मिटरब्याजका दोषीमाथि कानुनअनुसार कारबाही, पीडितको सम्पत्ति र अधिकारको संरक्षण तथा न्यायिक प्रक्रियामा सहज पहुँच सुनिश्चित गर्नु राज्यको दायित्व हो। पीडितलाई सडकमा उत्रन वा आत्मदाहजस्तो भयावह कदम चाल्नुपर्ने अवस्था आउनु राज्य संयन्त्रको संवेदनशीलतामाथिको प्रश्न हो। अब पनि ढिलासुस्ती र औपचारिकतामै सीमित रहने हो भने यस्ता निराशाजनक घटना दोहोरिन सक्छन्।

न्यायको खोजीमा अदालतको ढोकासम्म पुगेको नागरिकले निराशा होइन, भरोसा लिएर फर्कने वातावरण बनाउनु आजको प्रमुख आवश्यकता हो।

# किसानका आँखाबाट हेटौंडा कपडा उद्योग



लक्ष्मण गुरुङ

करिब २७ वर्ष बन्द रहेको हेटौंडाको कपडा कारखानाले उत्पादन परीक्षण सफल बनाएर सञ्चालनमा ल्याएपछि नेपालको अर्थ-राजनीतिक बहस मजाले तातेको छ। २०३२ सालमा स्थापित उद्योगले २०३५ सालबाट व्यावसायिक उत्पादन शुरु गरेयता २१ वर्ष आफ्नो कपडा उत्पादनमा अब्बलता देखाएको थियो। तर अब्बलता देखाउँदै गर्दा त्यसभित्र अड्किएर रहेको आर्थिक र प्रशासनिक संरचनाको खाडलमा उद्योग पर्न गएको विश्लेषण शुरु भयो।

त्यस बखत भर्खरै नेपालले अवलम्बन गरेको नवउदारवदी आर्थिक विकासको मर्म, आर्थिक सुरक्षाको रणनीति र निजीकरणको सिद्धान्तमा परेको यो उद्योगले एकाएक २०५६ सालमा आफ्नो व्यावसायिक यात्रामा विश्राम लगाउनु परेको थियो।

वार्षिक २ हजार ३०० टन धागो र १ करोड १० लाख मिटर कपडा उत्पादन गर्ने क्षमता बोकेको हेटौंडा कपडा उद्योगले बन्द हुनुअघि २०५५/५६ ताका करिब ६२ लाख मिटर कपडा उत्पादन गरेको उपलब्ध तथ्यांकले देखाउँछ। यसको अर्थ उद्योग आफ्नो पूर्ण क्षमतामा सञ्चालन हुनसकेको थिएन।

विभिन्न अध्ययन अनुसार उद्योग पूर्ण क्षमतामा सञ्चालन हुँदा वार्षिक करिब २ हजार ३०० देखि २ हजार ४०० टन कपास कच्चा पदार्थका रूपमा आवश्यक पर्ने अनुमान गरिएको थियो। तत्कालीन जाइकाको अध्ययनले यस्तो परिमाणको कपास उपलब्ध गराउन करिब ७ हजार टन बीउ कपास उत्पादन गर्नुपर्ने र त्यसका लागि तत्कालीन उत्पादकत्वको आधारमा करिब ३ हजार ६०० हेक्टर जमिनमा कपास खेती आवश्यक पर्ने देखाएको थियो।

यसै बीचका अध्ययनहरूले नेपालमा कपास खेती विस्तार हुँदै गएको देखाउँछन्। २०५४/५५ ताका करिब ३ हजार ६८० हेक्टर जमिनमा कपास खेती भई करिब २ हजार ६५० टन बीउ कपास उत्पादन भएको तथ्यांक पाइन्छ। यसबाट तत्कालीन अवस्थामा उद्योगको आवश्यकतासँग तुलना गर्दा नेपालमा कपास उत्पादनको आधार निर्माण भइसकेको देखिन्छ।

तर विडम्बना के थियो भने उद्योगको कच्चा पदार्थको आवश्यकता र स्वदेशी कपास उत्पादन बीच अपेक्षित सम्बन्ध स्थापित हुन सकेन। उपलब्ध जाइकाको अध्ययन अनुसार २०३८/३९ मा हेटौंडा कपडा उद्योगमा नेपालबाट प्राप्त भएको लिन्ट कपास करिब ५९ टन र २०४१/४२ मा करिब १७६ टन मात्र थियो। उद्योगको बाँकी आवश्यक लिन्ट कपास भारतबाट आयात गरिएको देखिन्छ। अर्को तथ्यांक अनुसार सो अवधिमा उद्योगको कुल लिन्ट कपास खपत औसतमा करिब १,००० टनको आसपास थियो।

यसबाट एउटा विरोधाभास देखिन्छ–एकातर्फ उद्योगलाई ठूलो परिमाणमा कपास आवश्यक थियो, अर्कोतर्फ नेपालमा कपास खेती पनि हजारौं हेक्टरमा विस्तार भइसकेको थियो; तर उद्योगको कच्चा पदार्थको आवश्यकता भने ठूलो मात्रामा आयातित कपासबाट पूरा भइरहेको थियो। अर्थात्, समस्या केवल कपास उत्पादनको अभाव थिएन; उत्पादन, संकलन, जिनिङ, गुणस्तर, मूल्य र उद्योगको नियमित खरिद बीचको सम्बन्ध कमजोर थियो।

तत्कालीन उद्योगको उत्पादन क्षमता, बजारको माग, कपडाको लोकप्रियता तथा कच्चा पदार्थको आवश्यकतालाई नेपालमा भएको कपास खेतीसँग तुलना गर्दा स्वदेशी कपास उत्पादनलाई अझ ठूलो क्षेत्रफलमा विस्तार गर्न सकिने सम्भावना थियो। उपलब्ध उत्पादकत्वका आधारमा उद्योगको पूर्ण क्षमताका लागि आवश्यक कच्चा पदार्थ स्वदेशमै उत्पादन गर्ने हो भने विद्यमान कपास खेती क्षेत्रभन्दा धेरै ठूलो क्षेत्र आवश्यक पर्ने अवस्था देखिन्छ।

त्यतिबेला साना किसानको औसत जोत करिब ०.७ देखि १.० हेक्टरको आसपास रहेको अवस्थालाई आधार मान्दा, कपास खेतीमा प्रयोग भएको करिब ३,५०० हेक्टर क्षेत्रबाट हजारौं साना किसान परिवार प्रत्यक्ष रूपमा कपास उत्पादनमा जोडिएको अनुमान गर्न सकिन्छ। केही अध्ययनले १९९० को दशकको मध्यतिर कपास खेतीमा ८ हजारभन्दा बढी किसान संलग्न रहेको देखाएका छन् ।

कपास विकास बोर्ड तथा सम्बन्धित अध्ययनमा उल्लिखित तत्कालीन मूल्य र उत्पादनलाई आधार मान्दा, करिब २ हजार ५०० देखि २ हजार ६०० टन कपासलाई प्रतिकिलो रु.२० आसपासको मूल्यमा बिक्री भएको मान्ने हो भने यसको कुल सकल बजार मूल्य करिब रु.५०-५२ करोड हुन आउँछ। त्यसलाई करिब ८ हजार किसान परिवारमा समान रूपमा विभाजन गर्दा प्रति परिवार औसत करिब रु. ६३ हजारको वार्षिक सकल कपास बिक्री मूल्य हुन आउँछ।

यो रकमलाई भने किसानको खुद आम्दानीका रूपमा बुझ्नुहुँदैन। यसमा बीउ, श्रम, मल, विषादी, सिंचाइ, ढुवानी लगायत उत्पादन खर्च कटाइएको छैन। त्यसैले यसलाई "कपास बिक्रीबाट प्राप्त अनुमानित औसत सकल आम्दानी" का रूपमा लिनु उपयुक्त हुन्छ।

आजको मूल्यसँग तुलना गर्दा तत्कालीन रु.५०-५२ करोडको बजार मूल्य धेरै ठूलो आर्थिक परिमाणमा रूपान्तरण हुन्छ। मूल्य सूचकांकका आधारमा गरिएको अनुमानमा यो रकम आजको करिब रु.३.५-३.६ अर्ब बराबर हुन सक्छ। तर यो पनि मुद्रास्फीति समायोजनमा आधारित अनुमान मात्र भएकाले वास्तविक वर्तमान बजार मूल्यका रूपमा बुझ्नुहुँदैन।

यसरी हेर्दा हेटौंडा कपडा उद्योग केवल कपडा उत्पादन गर्ने कारखाना मात्र थिएन। यसको पछाडि कपासको बीउ, किसान, खेती, जिनिङ, धागो उत्पादन र बजारलाई जोड्ने एउटा सम्भावित कृषि-औद्योगिक मूल्य शृंखला थियो। दुर्भाग्यवश, यो शृंखला दीर्घकालीन र संस्थागत रूपमा बलियो बन्न सकेन।

### *उद्योग असफलताको कारण र परिणाम*

तर, उद्योगको सम्भावना, उद्योगलाई चाहिने कच्चा पदार्थ र कपडा उत्पादनको क्षमता, र बजारको माग हुँदाहुँदै पनि किन त्यसरी उद्योग बन्द गर्ने स्थितिमा पुग्यो त तत्कालीन समयमा देश? यो भने ठूलो कौतूहलको विषय रहेको छ।

कपास उत्पादन गर्ने किसान, कपास खपत गर्ने उद्योग, कपडा बिक्री गर्ने बजार र खपत गर्ने उपभोक्ता हुँदाहुँदै पनि आखिर किन उद्योग बन्द हुने अवस्थामा तत्कालीन समयमा पुग्यो भन्ने कुरा जान्नको लागि यी पाँच वटा संरचनागत कारणलाई जोडेर हेर्न सकिन्छ। जुन उद्योगलाई दीर्घकालीन रूपमा जोडेर लैजान आवश्यक कुरा थियो।

पहिलो कारण, उद्योगको माग र स्वदेशी कपास उत्पादन अवस्था बीच तालमेल मिलाउन नसक्नु प्रमुख कारण थिए। किन भने उद्योगलाई वार्षिक करिब २४०० टन कपास आवश्यक पर्दथ्यो तर नेपालको लिन्ट कपास भने ज्यादै न्यून आउँथ्यो। उद्योग चल्नको लागि भारतको कपास लिन्टमा भर पर्नुपर्दथ्यो।

दोस्रो कारण, कपास उत्पादनको उत्पादकत्व र लागत बीचको प्राविधिक समस्या समाधान गर्न नसक्नु थियो। तत्कालीन समयमा अधिकांश कपास उत्पादनमा साना किसान नै जोडिएका थिए। ती किसानले औसतमा ०.४ हेक्टरमा कपास खेती गर्दथे। तर उत्पादन राम्रो हुने गरेको भए पनि प्रविधि, सिंचाइ, बीउ, रोग-कीरा नियन्त्रण र जिनिङको समस्याको कारण उत्पादकत्वमा समस्या थियो।

तेस्रो कारण, किसानले पाउने मूल्य र उद्योगको कच्चा पदार्थको मूल्य बीच प्रभावकारी मूल्य-श्रृंखला बन्न सकेको थिएन। यस्तो आम्दानीले खाद्यान्न, कपास र अन्य बाली बीच प्रतिस्पर्धा गर्दा किसानलाई कपासमा टिकाइराख्न कठिन भयो।

चौथो कारण, कपास विकास र कपडा उद्योग सञ्चालनलाई एकीकृत रूपमा सञ्चालन गर्न सकेन। किसानको खेती र आम्दानी, उद्योगको उत्पादन र दीर्घकालीनताको लागि ब्याकवार्ड लिंकेज-फरवार्ड लिंकेज अवधारणामा जानुपर्दथ्यो। जसको सहयोगमा एकीकृत कृषि-औद्योगिक मूल्यशृंखलालाई जोडेर लैजानुपर्दथ्यो। तर त्यो हुन सकेन।

हेटौंडा कपडा उद्योग केवल कपडा उत्पादन गर्ने कारखाना मात्र थिएन, सम्भावित एङ्कर इन्डस्ट्री बचाउने, हजारौं साना किसानको उत्पादनलाई औद्योगिक बजारसम्म जोड्ने र ग्रामीण रोजगारी उत्पादन गर्ने आधार पनि थियो। साथै कारखाना किसानको खेत, कपासको बीउ, जिनिङ उद्योग, धागो उत्पादन, रोजगारी र अन्ततः बजारसम्म जोडिएको एउटा सम्पूर्ण कृषि-औद्योगिक मूल्य शृंखला पनि थियो।

यही कारणले उद्योग बन्द हुनु भनेको एउटा कारखाना बन्द हुनु मात्र थिएन, त्यससँग जोडिएको अपस्ट्रिम कृषि बजार पनि कमजोर बन्नु थियो।

उद्योगको पुनः सञ्चालनले देखाएको सम्भावना र चुनौती

*क) सम्भावना*

उद्योगसँगै कपास खेती पुनर्जीवित गर्ने अवसर

अहिले नेपालको कृषि तीन वटा कारणले संकटमा परेको छ। एकातिर कृषि नगर्ने र गरेको कृषि पनि लाभयुक्त नबन्ने, दोस्रो शहरीकरण र त्यस प्रयोजनको लागि कृषि जमिनको प्रयोग द्रुततर हुँदै गएको र यसले कृषि जमिनलाई खुम्च्याइरहेको सन्दर्भ भने तेस्रो जो जतिले कृषि गरिरहेका छन्, तिनीहरूको कृषि बालीलाई पनि जङ्गली जनावरहरू बाँदर, दुम्सी र अन्य जनावरले क्षति पुर्‍याएर ध्वस्त बनाउने गरेको कारण मानिस कृषि कर्मदेखि क्रमशः बाहिर निस्कने क्रम बढिरहेको अवस्थामा यसरी कृषिसँग सम्बन्धित स्वदेशी उद्योग सञ्चालन हुनु कृषि क्षेत्र र विकासको

बाँकी पृष्ठ ३मा

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# किसानका..........

लागि सम्भावनाको आधार हो।
यसरी हेटौंडा कपडा उद्योग पुनः सञ्चालनमा आएको कुराले सबैभन्दा ठूलो सम्भावना कपास खेतीलाई पुनः औद्योगिक बजारसँग जोड्दै विगतमा भएका कपास विकास र यसको उत्पादकत्वसँग जोडिएको प्राविधिक सम्बन्धलाई निर्माण गर्न सकिन्छ।
त्यस मार्फत नयाँ प्रविधि र नयाँ बजारसँग जोडेर पुनःनिर्माण गर्न सकिन्छ। यसको अर्थ उद्योगले कपासको सुनिश्चित बजार सिर्जना गर्न र बजारको सुनिश्चितताले किसानलाई बाँझो वा कम उपयोग भएको जमिनमा कपास खेती गर्न प्रोत्साहित गर्न सक्छ।

*बाँझो जमिनलाई उत्पादनमा ल्याउने सम्भावना*

यसरी संकटसँग जुधिरहेको नेपालको कृषि क्षेत्रको ठूलो समस्या जमिन बाँझो हुनु, युवा श्रमशक्ति बाहिरिनु बनेको छ। यस्तो सन्दर्भमा श्रम, लागत, व्यवस्थापन र बजारको हिसाबले तराई र भित्री मधेशका बाँझो जमिनमा सहजै खेती गर्न सकिने भएकोले बाँझो/कम उपयोग भएको जमिनलाई कपास उत्पादनमा ल्याउने सम्भावना खोज्न सकिन्छ।
तर यसलाई 'सबै बाँझो जमिनमा कपास' भन्ने होइन। माटो, पानी, तापक्रम, बजार र स्थानीय बाली प्रणाली अनुसार उपयुक्त क्षेत्र पहिचान गर्नुपर्छ।

*साना किसानलाई बजारसँग जोड्ने अवसर*

क्रमिक रूपमा राष्ट्रिय र अन्तराष्ट्रिय अवस्था परिस्थिति, नीति र कार्यक्रम, जलवायु अवस्था र लगानी क्षमता, श्रम आपूर्ति आदिको कारण साना किसान कृषि क्षेत्रमा सीमान्तकृत हुने जोखिम बढ्दै गएको छ। तर विगतको कपास खेतीले हासिल गरेको अनुभव र कपडा उद्योगको पुनः सञ्चालनले एउटा महत्वपूर्ण कुरा देखाएको छ त्यो के भने कपास खेतीमा साना किसानको सहभागिता सम्भव थियो र अब पनि हुनेछ। त्यसैले पुनः सञ्चालनको मोडल भने ठूला व्यावसायिक फार्महरूमा मात्र आधारित नभई ब्याकवार्ड लिंकेज र फरवार्ड लिंकेज अन्तर्गत साना किसान + सहकारी + जिनिङ केन्द्र + उद्योगको मोडलमा कपास उत्पादन र उद्योगको अवधारणालाई पछ्याउन आवश्यक छ। यसले किसानलाई उत्पादन गरेपछि 'कहाँ बेच्ने?' भन्ने समस्या घटाउँछ।

***ख) चुनौती***

यति अवसर र सम्भावना हुँदाहुँदै पनि यो उद्योगलाई दीर्घकालीन बनाउन भने चुनौती पनि सँगै आएका छन्। उद्योग चल्दैमा कपास उत्पादन स्वतः बढिहाल्ने होइन। सबैभन्दा ठूलो भ्रम र गलत बुझाइ यही आउन सक्छ।
किनभने हेटौंडा कपडा उद्योग चलाउँदैमा कपास खेती विस्तार तत्काल हुने पनि होइन। यी प्राविधिक कुराहरू हुन्। यसका लागि आवश्यक पूर्वाधार, सिंचाइ, उन्नत र उत्पादकत्व बढाउने बीउ, कपास खेतीको रोग कीरा नियन्त्रण गर्ने उपयुक्त प्रविधि त्यत्तिकै आवश्यक छ। त्यसको लागि उन्नत बीउ रु प्राविधिक सेवा रु उत्पादन रु संकलन रु जिनिङ रु उचित मूल्य रु उद्योगको खरिद सम्झौता पूर्ण रूपमा सुनिश्चित गर्नुपर्ने हुन्छ। यीमध्ये एउटा कडी कमजोर भयो भने पूरा मूल्यशृंखला कमजोर हुन्छ।
अर्को चुनौती भनेको उद्योगको उत्पादनको बजारको सुनिश्चितता र किसानको कपासको उचित मूल्य। यदि किसानले उत्पादन गरेपछि भारतीय वा अन्य देशको सस्तो कपाससँग प्रतिस्पर्धा गर्नुपर्ने भयो भने किसान फेरि कपास खेतीबाट बाहिरिन सक्छ। अहिले नेपालको कृषि वस्तुले भोगेको साझा समस्या यही नै हो। त्यसैले उद्योग पुनः सञ्चालनको नीति किसानको उत्पादन लागत र उचित प्रतिफल सुनिश्चित गर्ने खरिद नीतिसँग जोडिनुपर्छ।
अर्को मूल प्रश्न अब कुनै पनि बजार र उपभोक्ता ग्लोबल मार्केट चेनबाट अलग हुन सक्दैन। यस्तो अवस्थामा स्वदेशी कपासले उद्योगको माग पूरा गर्न सक्छ कि सक्दैन? यो सबैभन्दा महत्वपूर्ण चुनौती हो। हामीले अघि हेरे झैं हेटौंडाको पूर्ण क्षमताका लागि ठूलो मात्रामा लिन्ट कपास आवश्यक पर्छ। तर विगतमा नेपालबाट उद्योगमा जाने कपास निकै कम थियो। त्यसैले अहिले नै उद्योगको पूर्ण क्षमता र नेपालको सम्भावित कपास उत्पादन बीचको अन्तर विश्लेषण गर्नुपर्छ।
त्यस्तै गरेर जिनिङ र संकलन सुधार, बीउको आपूर्ति र गुणस्तर सुरक्षा प्रमुख चुनौती हुन सक्छ। कपास खेती विस्तार गर्न गुणस्तरीय र स्थानीय परिस्थितिमा उपयुक्त बीउ आवश्यक हुन्छ। बीउको गुणस्तर कमजोर भयो भने उत्पादन घट्छ, किसानको लागत बढ्छ र उद्योगलाई आवश्यक गुणस्तरको लिन्ट प्राप्त हुँदैन।
अझ महत्त्वपूर्ण पक्ष भनेको श्रम र प्रविधि हो। विगतको जस्तो श्रममा आधारित कपास खेती आज सजिलो छैन। युवा विदेश जाने क्रमसँगै कृषि श्रमको अभाव छ। त्यसैले पुनः कपास खेती गर्दा कृषिको यान्त्रीकरण, गुणस्तरीय उन्नत बीउ, एकीकृत कीरा तथा रोग व्यवस्थापन, वैज्ञानिक र दक्ष कटानी प्रणालीमा जानुपर्छ।

***निष्कर्ष***

हेटौंडा कपडा उद्योगको पुनः सञ्चालनलाई केवल बन्द भएको उद्योग खोल्ने घटनाका रूपमा हेर्नु पर्याप्त हुँदैन। यसलाई नेपालमा टुटेको कृषि-औद्योगिक मूल्य शृंखला पुनःनिर्माण गर्ने अवसरका रूपमा हेर्नुपर्छ। उद्योगले कपासको बजार सिर्जना गर्न सक्छ, तर त्यसका लागि कपासको बीउ, उत्पादन, किसानको उचित मूल्य, संकलन, जिनिङ, भण्डारण र प्रशोधनलाई उद्योगसँग जोड्ने समग्र नीति आवश्यक हुन्छ। अन्यथा उद्योग चल्नेछ, तर कच्चा पदार्थ बाहिरबाट ल्याउने र किसानको खेतसँग यसको सम्बन्ध कमजोर रहने पुरानै अवस्था दोहोरिन सक्छ।
त्यसैले पुनः सञ्चालनको वास्तविक सफलता "हेटौंडामा कति कपडा उत्पादन भयो?" ले मात्र होइन, "कति नेपाली किसानको खेत उद्योगको आपूर्ति शृंखलासँग जोडियो?" भन्ने प्रश्नले मापन गर्नुपर्छ।

*(गुरुङ कृषि अर्थशास्त्र र विकास अध्ययनसँग सम्बन्धित छन्।)*

# दुई दिने बिदा तत्काल नबदलिने

दैनिक समाचारदाता
काठमाडौँ, २८ साउन । सरकारले सातामा दुई दिन सार्वजनिक बिदा दिने हालको व्यवस्थालाई तत्काल पुनरावलोकन नगर्ने स्पष्ट पारेको छ।
बिहीबार बसेको राष्ट्रिय सभाको बैठकमा सांसदहरूले उठाएका प्रश्नको प्रधानमन्त्री बालेन शाहको तर्फबाट जवाफ दिँदै कानून, न्याय तथा संसदीय मामिलामन्त्री सोभिता गौतमले हाललाई दुई दिने बिदाको व्यवस्था परिवर्तन गर्ने सम्बन्धमा कुनै गृहकार्य नभएको बताउनुभयो।
मन्त्री गौतमले अन्तर्राष्ट्रिय अभ्यास तथा देशको आन्तरिक आवश्यकतालाई ध्यानमा राखेर सातामा दुई दिन सार्वजनिक बिदा दिने व्यवस्था लागू गरिएको बताउनुभयो।
बैठकमा सांसद विष्णुबहादुर विश्वकर्माले हप्तामा दुई दिन बिदा दिने निर्णयलाई 'असफल विधि' को संज्ञा दिँदै यसले शिक्षा, व्यापार तथा सरकारी सेवामा गम्भीर असर परेको टिप्पणी गर्नुभएको थियो। उहाँले उक्त निर्णय खारेज गरी पुनः सातामा एक दिन मात्र बिदा दिने व्यवस्थामा फर्किन सरकारसँग माग गर्नुभएको थियो।
जवाफमा मन्त्री गौतमले



तत्कालीन समयमा इन्धन आपूर्तिमा देखिएको असहजताका कारण इन्धन खपत घटाउन तथा सार्वजनिक प्रशासनलाई थप परिणाममुखी बनाउन २०८२ चैत २३ गतेदेखि दुई दिने बिदाको व्यवस्था कार्यान्वयनमा ल्याइएको स्मरण गराउनुभयो।
उहाँले कर्मचारीको कार्य-जीवन सन्तुलन कायम गर्न, ऊर्जा तथा प्रशासनिक खर्चमा मितव्ययिता अपनाउन र आन्तरिक पर्यटन प्रवर्द्धनमार्फत आर्थिक गतिविधि चलायमान बनाउन उक्त व्यवस्था प्रभावकारी देखिएको बताउनुभयो।
मन्त्री गौतमका अनुसार बिहान ९ बजेदेखि नै सरकारी कार्यालय खुल्ने प्रावधानले सेवाग्राहीलाई सहजता पुगेको छ भने कर्मचारीको मनोबल र कार्यक्षमतामा पनि सकारात्मक प्रभाव परेको सरकारको दाबी छ। विशेषगरी आन्तरिक पर्यटकको सङ्ख्यामा भएको वृद्धिले स्थानीय अर्थतन्त्रलाई समेत टेवा पुगेको उहाँले बताउनुभयो।
सांसदहरूले उठाएका चासोप्रति सरकार गम्भीर रहेको उल्लेख गर्दै मन्त्री गौतमले प्राप्त सुझावलाई अध्ययनको विषय बनाइने बताउनुभयो।
पूरक प्रश्नका क्रममा सांसद विश्वकर्माले दुई दिने बिदाका कारण पाठ्यक्रम पूरा नहुने जोखिम, विद्यार्थीको सुरक्षामा पर्न सक्ने असर तथा सरकारी सेवा प्रवाहमा आउन सक्ने सुस्ततातर्फ सरकारको ध्यानाकर्षण गराउनुभएको थियो।
यसको जवाफमा मन्त्री गौतमले शिक्षालाई विद्यालयको घेराभित्र मात्र सीमित गरेर हेर्न नहुने धारणा राख्नुभयो। विद्यार्थीको चौतर्फी विकासका लागि सामाजिक घुलमिल, खेलकुद तथा सिर्जनात्मक गतिविधि पनि उत्तिकै आवश्यक रहेको उहाँको भनाइ थियो।
हाललाई दुई दिने सार्वजनिक बिदाको व्यवस्था यथावत् रहने भए पनि यस सम्बन्धमा आएका सुझाव र सरोकारलाई सरकारले अध्ययन गर्ने जनाएको छ।

# संघको कूल......

एक अर्थ वायु भएको र त्यसको विराट रूप आँधी भएको उल्लेख गर्दै उनले युवाको शक्ति र सामर्थ्यलाई बेवास्ता गर्न नहुने बताए। युवाले अवसर पाए रोजगारी सिर्जना गर्न आफैँ सक्षम हुने भन्दै उनले युवा शक्तिप्रति सरकार सचेत हुनुपर्ने धारणा राखे।
मधेश प्रदेश नीति तथा योजना आयोगका सदस्य नवलकिशोर यादवले युवाको क्षमता र आवश्यकता फरक(फरक हुने भएकाले त्यसको सही पहिचान गर्न नसक्नु सरोकारवालाको कमजोरी भएको बताए। बेरोजगारी, गरिबी र अशिक्षा समाज विकासका प्रमुख चुनौती रहेको उल्लेख गर्दै उनले सुधारात्मक पहलसँगै लैङ्गिक तथा सामाजिक असमानता अन्त्यका लागि सोच र मानसिकतामा परिवर्तन आवश्यक रहेको बताए।
राष्ट्रिय मानवअधिकार आयोग, मधेश प्रदेश कार्यालयका प्रमुख बुद्धनारायण साहनीले युवालाई हेर्ने दृष्टिकोण कानुन र व्यवहारमा फरक रहेको बताए। कानुनले प्रदान गरेका अधिकार व्यवहारमा कार्यान्वयन भए वा नभएको अनुगमन गर्नु राज्यको दायित्व भएको उल्लेख गर्दै उनले नीति कागजमा सीमित हुँदा त्यसको प्रभावकारी कार्यान्वयन चुनौतीपूर्ण बनेको बताए।
युवाको श्रम अन्तर्राष्ट्रिय बजारमा बेचिनु परिरहेको र स्वदेशमै पर्याप्त अवसर नपाउँदा ठूलो सङ्ख्यामा युवा विदेशिन बाध्य भएको उनले बताए। राजनीतिक दलहरूले पनि युवा वर्गलाई नेतृत्व विकासको अवसर दिनुभन्दा कार्यकर्ताका रूपमा मात्र प्रयोग गर्ने प्रवृत्ति रहेको भन्दै उनले चिन्ता व्यक्त गरे।
इन्सेकका प्रदेश संयोजक राजु पासवानले युवा नीति र मानवअधिकार एकअर्कासँग घनिष्ठ रूपमा जोडिएकाले नीति कार्यान्वयन गर्दा मानवअधिकारका विश्वव्यापी सिद्धान्तलाई केन्द्रमा राख्नुपर्नेमा जोड दिए।
युवाको नीति निर्माण तथा निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता, अभिव्यक्ति स्वतन्त्रता, गुणस्तरीय शिक्षा, मर्यादित रोजगारी, स्वास्थ्य तथा आधारभूत आवश्यकतामाथिको अधिकार सुनिश्चित गर्नुपर्ने उनको भनाइ थियो। जात, लिङ्ग, धर्म, क्षेत्र, आर्थिक अवस्था तथा अपाङ्गताका आधारमा हुने विभेद अन्त्य गर्दै सीमान्तकृत युवालाई प्राथमिकता दिनुपर्नेमा उनले जोड दिए।
नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य राजेश कर्णले युवाहरू आफ्ना एजेन्डा लिएर निरन्तर सरकार र नीति निर्मातासमक्ष प्रश्न गरिरहेको बताए। युवाका सवाललाई समयमै सम्बोधन गर्न नसके त्यसले गम्भीर सामाजिक तथा राजनीतिक परिस्थिति निम्त्याउन सक्ने उनको भनाइ थियो।
देशको अर्थतन्त्रमा युवाको श्रम र रेमिट्यान्सको महत्वपूर्ण योगदान रहे पनि उनीहरूले उठाएका प्रश्नको उचित सम्बोधन हुन नसकेको भन्दै उनले चिन्ता व्यक्त गरे ।त्यस्तै, मिडिया काउन्सिलका पूर्वअध्यक्ष कैलास दासले अन्तर्राष्ट्रिय युवा दिवसलाई केवल औपचारिकतामा सीमित नगरी समीक्षा, बहस र नयाँ रणनीति निर्माणको अवसरका रूपमा लिनुपर्ने बताए। युवाहरू, सरोकारवाला निकाय तथा नागरिक समाजको सहभागितामा पछिल्लो अवस्थाको समीक्षा गर्दै आगामी दिनका लागि ठोस योजना बनाउन आवश्यक रहेको उनको भनाइ थियो।
कार्यक्रममा दीपिका लामा, अमृता घिमिरे तथा सहभागी युवाहरूले पनि आ(आफ्ना धारणा राखेका थिए।

# किशोर....

जनाएको छ। प्रहरीले श्रेष्ठविरुद्ध वैयक्तिक गोपनीयतासम्बन्धी ऐन, २०७५ विपरीतको कसुर गरेको आरोपमा अनुसन्धान भइरहेको स्पष्ट गरेको छ।
श्रेष्ठको पक्राउप्रति नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष विपुल पोखेलले पनि प्रश्न उठाएका छन्। उनले लोकतान्त्रिक समाजमा पत्रकारलाई पक्राउ गर्ने र अनुसन्धान गर्ने प्रक्रिया पारदर्शी तथा लोकतान्त्रिक हुनुपर्ने बताए। पक्राउ गर्ने शैलीप्रति टिप्पणी गर्दै पोखेलले प्रहरीको व्यवहारसमेत 'पाषाणकालीन' हुन नहुने धारणा राखेका छन्। पोखेलका अनुसार पत्रकारितासँग सम्बन्धित सामग्रीमा उजुरी परे त्यसको प्रारम्भिक सुनुवाइ प्रेस काउन्सिलमार्फत हुनुपर्छ। उनले सञ्चारमाध्यममा प्रकाशित सामग्री र सामाजिक सञ्जाल प्रयोगकर्ताले व्यक्तिगत रूपमा व्यक्त गरेको अभिव्यक्तिलाई एउटै दृष्टिकोणबाट हेर्न नहुने बताए।
"मिडिया कन्टेन्ट र सामाजिक सञ्जालको अभिव्यक्तिलाई एउटै दृष्टिले हेर्नु हुँदैन," पोखेलको भनाइ छ। उनका अनुसार सञ्चारमाध्यममा प्रकाशित सामग्रीप्रति कसैको गुनासो वा उजुरी भए त्यसलाई प्रेस काउन्सिलमार्फत सम्बोधन गर्ने अभ्यास राज्यले विकास गर्नुपर्छ।
पोखेलले पत्रकारितासम्बन्धी सामग्रीमा प्रहरीको प्रत्यक्ष हस्तक्षेप बढ्दै गए लोकतान्त्रिक र पारदर्शी समाज निर्माणको प्रक्रियामै असर पर्न सक्ने बताए। उनले प्रेस काउन्सिललाई अझ सशक्त र सक्षम बनाउँदै पत्रकारितासम्बन्धी विवादको न्यायिक तथा नियामकीय अभ्यासलाई परिपक्व बनाउनुपर्नेमा जोड दिए। उनले साइबर अपराधलगायतका कानुनअन्तर्गत पत्रकारितासँग सम्बन्धित सामग्रीका विषयमा परेका उजुरीसमेत प्रेस काउन्सिलतर्फ पठाउने र काउन्सिलको क्षमता तथा अधिकारलाई प्रभावकारी बनाउने दिशामा बहस अघि बढाउनुपर्ने बताए। श्रेष्ठको पक्राउलाई केवल एक व्यक्तिको रिहाइको विषयमा सीमित नगरी पत्रकारिता र सञ्चारमाध्यमप्रति राज्यको दृष्टिकोणमै पुनर्विचार आवश्यक रहेको पोखेलको भनाइ छ। उनले पटक-पटक पत्रकार पक्राउ पर्ने र महासंघले रिहाइका लागि आन्दोलन गर्ने अवस्था दोहोरिन नदिन घटनाको 'रुट कज' पहिचान गरी दीर्घकालीन समाधान खोज्नुपर्ने बताए।
प्रेस काउन्सिल नेपालका पूर्वकार्यवाहक अध्यक्ष तथा नेपाल पत्रकार महासंघका पूर्वमहासचिवसमेत रहेका श्रेष्ठ खोजी पत्रकारितामा परिचित पत्रकार हुन्। उनी विश्व प्रेस काउन्सिलका वरिष्ठ उपाध्यक्षसमेत रहेको महासंघले जनाएको छ।
श्रेष्ठ पक्राउ प्रकरणसँगै पत्रकारितामा प्रकाशित सामग्रीमाथि राज्यका अनुसन्धान निकायको भूमिका, प्रेस काउन्सिलको अधिकार क्षेत्र र सञ्चारमाध्यम तथा सामाजिक सञ्जालका अभिव्यक्तिलाई हेर्ने कानुनी दृष्टिकोणबारे बहस चर्किएको छ। पत्रकार महासंघले भने श्रेष्ठको तत्काल रिहाइसँगै यस्ता घटनाको पुनरावृत्ति रोक्न राज्यले पत्रकारिता र प्रेस स्वतन्त्रतासम्बन्धी स्पष्ट नीति बनाउनुपर्ने माग अघि सारेको छ।

विहानको सुरुवात ताजा समाचारसँगै। विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका। साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक
समाचार दैनिक
जनकपुर

# देउवाको सन्देश : एकता, परिवर्तन र जनमतको सम्मान



दैनिक समाचारदाता

काठमाडौँ, २८ साउन । नेपाली कांग्रेसका पूर्वसभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले राष्ट्रिय एकता सुदृढ गर्दै विगतका विभाजन र विद्वेषका घाउ निको पार्न आह्वान गर्नुभएको छ। पाँच महिनासम्म विदेशमा उपचार गराएर बिहीबार स्वदेश फर्किएलगत्तै विशेष सन्देश जारी गर्दै उहाँले देशको जटिल राजनीतिक परिस्थितिमा सबै राजनीतिक तथा प्रजातान्त्रिक शक्तिहरू एकताबद्ध हुनुपर्नेमा जोड दिनुभएको हो।

जेन्जी आन्दोलनका क्रममा सांघातिक आक्रमणमा परी घाइते हुनुभएका देउवाले आफू कुनै शक्ति वा पद प्राप्त गर्ने उद्देश्यले नभई राष्ट्रिय एकतालाई बलियो बनाउने संकल्पका साथ स्वदेश फर्किएको स्पष्ट पार्नुभएको छ। उहाँलाई स्वागत गर्न नेपाली कांग्रेसका केही नेता तथा कार्यकर्ता त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पुगेका थिए।

स्वदेश फर्किएपछि जारी अपिलमा देउवाले वर्तमान सरकारले जनताको परिवर्तनको आकांक्षा र मतको सम्मान गर्नुपर्ने बताउनुभएको छ। परिवर्तनको बाटो सहज नहुने उल्लेख गर्दै उहाँले जनतामा देखिएको परिवर्तनको चाहनालाई सम्बोधन गर्नु वर्तमान सरकारको प्रमुख दायित्व भएको बताउनुभयो।

'परिवर्तन सजिलो हुँदैन भन्ने कुरा म राम्ररी जान्दछु। परिवर्तनको बाटो कहिल्यै समतल हुँदैन; यसले धैर्य, साहस र दृढताको परीक्षा लिन्छ,' उहाँले भन्नुभएको छ।

सरकार आफ्नो दायित्वबाट विमुख भएर राजनीतिक आग्रह र पूर्वाग्रह साँध्न लागे त्यो सत्तारुढ दल र मुलुक दुवैका लागि हितकर नहुने उहाँको भनाइ छ। ताजा जनमतबाट उदाएको सत्तारुढ दलले जनताको मतको सम्मान गर्नुपर्नेमा जोड दिँदै उहाँले लोकतन्त्रमा जनता नै सर्वोच्च शक्ति रहेको उल्लेख गर्नुभएको छ।

देउवाले परिवर्तन व्यवस्थापनको प्रक्रियामा आफ्नो तर्फबाट सहयोग गर्न तयार रहेको पनि बताउनुभएको छ। विवेक, पारदर्शिता र न्यायका आधारमा आवश्यक रूपान्तरणलाई अघि बढाउनुपर्ने उहाँको धारणा छ। युवा पुस्ताको असन्तुष्टि, पीडा र परिवर्तनको चाहनालाई नेपाली कांग्रेसले आत्मसात् गरेको उल्लेख गर्दै उहाँले समयको परिवर्तनसँगै राजनीतिक दल र नेतृत्व पनि बदलिनुपर्ने आवश्यकता औँल्याउनुभएको छ। समाजका सबै वर्ग, समुदाय र पुस्ताको सार्थक सहभागिताबाट मात्र राष्ट्र निर्माणको अभियान सफल हुने उहाँको भनाइ छ।

जेन्जी आन्दोलनका जायज माग सम्बोधन गर्नुपर्ने विषय आफूले यसअघि नै उठाउँदै आएको स्मरण गर्दै देउवाले परिवर्तनको अर्थ विगतका संघर्ष, त्याग र उपलब्धिलाई अस्वीकार गर्नु नभएको बताउनुभएको छ। लोकतन्त्र, स्वतन्त्रता तथा विभिन्न जातजाति, क्षेत्र र समुदायका अधिकारका लागि अघिल्लो पुस्ताले गरेको संघर्षलाई नकारात्मक रूपमा व्याख्या गर्नु उचित नहुने उहाँको धारणा छ। विगतमा केही कमजोरी भएको हुन सक्ने स्वीकार गर्दै उहाँले त्यसबाट पाठ सिकेर समुन्नत राष्ट्र निर्माणका लागि सबै पक्षबीच सहकार्य र हातेमालो आवश्यक रहेको बताउनुभएको छ। सत्ता अस्थायी भए पनि जनताको भावना बुझ्ने नेतृत्व भने सधैँ स्मरणीय रहने उहाँले उल्लेख गर्नुभएको छ।

देशको वर्तमान राजनीतिक संक्रमण र परिवर्तनको आकांक्षाबीच देउवाको सन्देशले राष्ट्रिय एकता, जनमतको सम्मान, युवापुस्ताको अपेक्षा र लोकतान्त्रिक मूल्य-मान्यतालाई एकसाथ अघि बढाउनुपर्ने आवश्यकता औँल्याएको छ।

# ग्यास अभावले होटल व्यवसाय संकटमा

दैनिक समाचारदाता

जनकपुरधाम, २८ साउन । बर्दिबासमा खाना पकाउने एलपी ग्यासको अभाव बढ्दै जाँदा होटल व्यवसाय प्रभावित हुन थालेको छ। एकातिर ग्यास डिलरहरूले जति वितरण गरे पनि माग धान्न नसक्ने अवस्था रहेको बताएका छन् भने अर्कोतिर समयमा र आवश्यकताअनुसार ग्यास नपाउँदा व्यवसाय सञ्चालनमा समस्या परेको होटल व्यवसायीको गुनासो छ।

होटल तथा पर्यटन व्यवसायी संघ महोत्तरीका अनुसार बर्दिबास उद्योग वाणिज्य संघमा साना-ठूला गरी करिब २६० होटल दर्ता छन्। ती होटलका लागि दैनिक १०० भन्दा बढी सिलिन्डर ग्यास आवश्यक पर्छ। मागअनुसार आपूर्ति हुन नसक्दा होटल व्यवसायी थप समस्यामा परेका छन्।

संघका अध्यक्ष गुञ्ज कार्की (गोपाल) का अनुसार ग्यास खपतका आधारमा बर्दिबासमा तीन वर्गका होटल छन्। पहिलो वर्गका १० वटा होटललाई दैनिक ५० सिलिन्डर ग्यास आवश्यक पर्छ। दोस्रो वर्गका २० वटा होटललाई दैनिक २० सिलिन्डर र बाँकी होटललाई सातामा १२० सिलिन्डरभन्दा बढी ग्यास आवश्यक पर्ने उहाँले बताउनुभयो।

उहाँले भन्नुभयो, "बर्दिबासमा मात्रै होटल व्यवसाय सञ्चालनका लागि सातामा औसत ७०० सिलिन्डर ग्यास आवश्यक पर्छ। खोजेको बेला ग्यास नपाउँदा होटल व्यवसायीले अनावश्यक हैरानी खेप्नुपरेको छ।"

बर्दिबास-३, गौरीडाँडास्थित खुकुरी होटलका सञ्चालक विनोद थापाले विभिन्न समस्यासँग जुध्दै आएको होटल व्यवसायमा पछिल्लो समय ग्यास अभावले थप चुनौती सिर्जना गरेको बताउनुभयो। दैवीप्रकोप, आन्दोलन, बन्द-हडताल र बढ्दो महँगीका कारण समस्यामा परेको व्यवसायमा ग्यास अभावले थप मार परेको उहाँको भनाइ छ।

थापाले भन्नुभयो, "मेरो होटलमा दैनिक एकदेखि डेढ सिलिन्डर ग्यास आवश्यक पर्छ। छिटो भनेको तीन दिनमा एउटा सिलिन्डर पाइन्छ। हामीले होटल चलाउने कि ग्यासकै खोजीमा समय र श्रम खर्च गर्ने ?"

होटल तथा पर्यटन व्यवसायी संघ महोत्तरीका महासचिव नारायण घिमिरेले ग्यास अभाव समयसँगै समाधान हुनुको साटो झन् बढ्दै जानुको कारण खोजिनुपर्ने बताउनुभयो। साउन महिना र वर्षायाम होटल व्यवसायका लागि अफ सिजन भए पनि यही समयमा इन्धन अभाव हुनु चिन्ताजनक रहेको उहाँको भनाइ छ।

घिमिरेले भन्नुभयो, "अहिलेसम्म चुल्हो नै बन्द हुने अवस्था त आएको छैन। तर होटल व्यवसायी सन्त्रासमा छन्। यो अभाव लम्बिँदै गयो भने ग्यासको विकल्पमा के गर्ने भन्ने स्पष्ट छैन।"

व्यवसायीहरूले विद्युतीय चुल्हो तत्काल विकल्प बन्न नसक्ने बताएका छन्। बर्दिबासमा अनियमित विद्युत् आपूर्ति, भोल्टेजको समस्या तथा अघोषित विद्युत् कटौतीका कारण विद्युतीय उपकरणमा पूर्ण रूपमा निर्भर



हुन सक्ने अवस्था नरहेको उनीहरूको भनाइ छ।

यता, बर्दिबासका ग्यास डिलरहरूले भने होटल व्यवसायीलाई नियतवश ग्यास वितरणमा रोक नलगाएको स्पष्ट पारेका छन्। बढ्दो माग र सीमित आपूर्तिबीच सन्तुलन नमिल्दा आफूहरू पनि समस्यामा परेको उनीहरूको भनाइ छ।

बर्दिबासस्थित सुपर ग्यासका डिलर रोशन श्रेष्ठ र नेपाल ग्यासका डिलर विनोद बस्नेतले कुनै पक्षपात नगरी बुकिङअनुसार पालैपालो ग्यास वितरण गर्दै आएको बताएका छन्। माग गरेलगत्तै ग्यास उपलब्ध गराउन नसकिनु बढ्दो माग र सीमित आपूर्तिको परिणाम भएको उनीहरूको भनाइ छ।

बस्नेतले भन्नुभयो, "ग्यासको माग सुरसाको मुखझैँ बढ्दै गएको छ। जति वितरण गरे पनि लाइन उत्तिकै छ। हिजो मात्र मेरो डिपोमा २०० जनाले बुकिङ गराइसकेका छन्। ग्यास कहिले आउने हो ठेगान छैन। जति आउँछ, एकैछिनमै सकिन्छ।"

बर्दिबासमा बढ्दो ग्यास अभावले होटल व्यवसायी मात्र होइन, सर्वसाधारण उपभोक्तासमेत प्रभावित हुन थालेका छन्। मागअनुसार नियमित आपूर्ति व्यवस्थापन हुन नसके आगामी दिनमा होटल व्यवसाय सञ्चालन अझ कठिन बन्न सक्ने व्यवसायीहरूको चिन्ता छ।

# वाईईईपी-३ को सामाजिक लेखापरीक्षण कार्यक्रम सम्पन्न

दैनिक समाचारदाता

जनकपुरधाम, २८ साउन । युवाको सीप विकास, उद्यमशीलता प्रवर्द्धन तथा आर्थिक सशक्तीकरणमा केन्द्रित 'युथ इकोनोमिक इम्पावरमेन्ट प्रोजेक्ट(३ (वाईईईपी(३)' को सामाजिक लेखापरीक्षण कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा सबैला नगरपालिकाका नगरप्रमुख करिराम यादवले परियोजनाबाट प्रदान गरिएको सीपमूलक तालिम युवाका लागि उपयोगी रहेको बताउनुभयो । उहाँले सिकेको सीपलाई निरन्तर अभ्यास र प्रयोगमार्फत आयआर्जनसँग जोड्न युवालाई आग्रह गर्नुभयो ।

त्यसैगरी, शहीदनगर नगरपालिकाका उपप्रमुखले परियोजनाले युवालाई उद्यम, व्यवसाय र आम्दानीमूलक गतिविधिसँग जोड्न महत्वपूर्ण योगदान पुऱ्याएको बताउनुभयो । परियोजनाका गतिविधिले युवामा सकारात्मक सोच र जिम्मेवारीबोधको विकास हुनुका साथै कुलत, बहुविवाह र बालविवाहजस्ता सामाजिक विकृतिलाई निरुत्साहित गर्न समेत सहयोग पुगेको उहाँको भनाइ थियो ।

परियोजनाबाट प्राप्त उपलब्धि, लाभग्राही युवाको आर्थिक अवस्थामा आएको परिवर्तन तथा परिवार र समाजमा परेको सकारात्मक प्रभावबारे समीक्षा र अन्तरक्रिया गरिएको थियो ।




परियोजना अन्तर्गत ७० जना युवा(युवती विभिन्न व्यावसायिक सीप तथा उद्यमशीलता विकास कार्यक्रमबाट लाभान्वित भएका छन् । तीमध्ये ७२ प्रतिशत महिला रहेका छन् भने तीन जना अपाङ्गता भएका युवा पनि सहभागी भएका थिए । परियोजनाले युवालाई सीप, रोजगारी र स्वरोजगारका अवसरसँग जोड्दै आर्थिक रूपमा आत्मनिर्भर बनाउने उद्देश्यका साथ विभिन्न कार्यक्रम सञ्चालन गरेको जनाएको छ ।

परियोजनाअन्तर्गत सहभागी युवाले असिस्टेन्ट ब्युटिसियन, फेसन डिजाइन, हेभी इक्विपमेन्ट अपरेटर, असिस्टेन्ट अकाउन्टेन्ट, एसी मेकानिक तथा बिक्री, बजारीकरण र व्यवसाय विकाससम्बन्धी व्यावसायिक तालिम प्राप्त गरेका छन् । त्यसैगरी, व्यवसाय सञ्चालन तथा विस्तारका लागि १६ जना सहभागीलाई ४० हजारदेखि ५५ हजार रुपैयाँसम्म स्टार्टअप सहयोग प्रदान गरिएको थियो ।

कार्यक्रममा सहभागी युवाहरूले तालिमबाट प्राप्त ज्ञान र सीपलाई व्यवहारमा उतार्दै आम्दानी गर्न थालेको अनुभव सुनाएका थिए। केही सहभागीले आफ्नै व्यवसाय सञ्चालन गरिरहेका तथा केही व्यवसाय सुरु गर्ने तयारीमा रहेको बताएका छन् । तालिमले आफूहरूको आत्मविश्वास बढाउनुका साथै आर्थिक रूपमा आत्मनिर्भर बन्न महत्वपूर्ण सहयोग पुगेको उनीहरूको भनाइ थियो ।

सहभागी अभिभावकहरूले पनि तालिमपछि आफ्ना छोराछोरीको व्यवहार, जिम्मेवारीबोध र परिवारप्रतिको भूमिकामा सकारात्मक परिवर्तन आएको बताएका छन् । केही युवाले आफ्नै आम्दानीबाट परिवारको आर्थिक व्यवस्थापनमा सहयोग गर्न थालेको अभिभावकहरूको भनाइ थियो ।

कार्यक्रमको सहजीकरण गोरखापत्र दैनिकका धर्मेन्द्र झाले गर्नुभएको थियो । परियोजनाको हालसम्मको प्रगति, गतिविधि र उपलब्धिबारे परियोजना कार्यक्रम संयोजक विशालकुमार कर्णले जानकारी प्रस्तुत गर्नुभएको थियो । सहभागीबाट उठेका प्रश्न तथा जिज्ञासाको जवाफ परियोजनाका फोकल पर्सन दीपक श्रेष्ठले दिनुभएको थियो ।

कार्यक्रमको समापन गर्दै जनकी महिला जागरण समाजकी अध्यक्ष मन्दाकुमारी कर्णले परियोजना सञ्चालनका लागि सहयोग र स्वीकृति प्रदान गर्ने स्थानीय तहप्रति आभार व्यक्त गर्नुभयो। स्थानीय तहको सहयोग र सहकार्यकै कारण ७० जना युवा(युवतीलाई व्यावसायिक सीप र उद्यमशीलताको क्षेत्रमा अघि बढाउने अवसर सिर्जना भएको उहाँले बताउनुभयो।

सामाजिक लेखापरीक्षणमार्फत परियोजनाका उपलब्धि र प्रभावलाई प्रत्यक्ष लाभग्राही, अभिभावक, स्थानीय तह तथा अन्य सरोकारवालामाझ प्रस्तुत गरिएको थियो। साथै, आगामी दिनमा युवाले हासिल गरेको सीपलाई दीर्घकालीन रोजगारी, स्वरोजगार, उद्यमशीलता र आर्थिक आत्मनिर्भरतासँग प्रभावकारी रूपमा जोड्नुपर्ने आवश्यकता औँल्याइएको छ।

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

**Janakpurdham-4,Dhanusha Nepal**
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४